# लालबन्दी नगरपालिका
# विनियोजन विधेयक, २०८१

नगरसभामा पेश भएको मिति : २०८१/०३/१०

**लालबन्दी नगरपालिका**
**लालबन्दी, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

# लालबन्दी नगरपालिकाको विनियोजन विधेयक, २०८१

**नगर सभामा पेश भएको मिति : २०८१/०३/१०**

लालबन्दी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ।

**प्रस्तावना** : लालबन्दी नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम लालबन्दी नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "लालबन्दी नगरपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ। (२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०८१/०८२ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूचीमा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू.१,५१,४८,९२,०००.०० **(अक्षेरूपी रूपैयाँ एक अर्ब, एकाउन्न करोड, अड्चालिस लाख, बयानब्बे हजार मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन** : (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त लालबन्दी नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ । यस अघि चालु आ.ब.मा भएका विनियोजन यसै बमोजिम भएको मानिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ को हकमा सोही बमोजिम हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम  सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) यस विनियोजन ऐन बमोजिमका विवरणहरू यसै साथ संलग्न विभिन्न अनुसूचिहरू हरूमा समावेश गरिएको छ ।

(५) विनियोजन ऐनमा स्पष्ट रूपले परिभाषित हुन नसकेका बजेट शिर्षकहरूलाई नगर प्रमुखस्तरिय निर्णयले क्रियाकलापमा विभक्त गर्न सकिनेछ ।

४. यसै ऐन बमोजिम हुने : बार्षिक नीति तथा कार्यक्रम (बजेट) मा भएका घोषणामा उल्लेखित रकम र प्रस्तुत विनियोजन ऐनमा उल्लेखित रकमको सिलिङ र अनुपात फरक पर्न गएमा यसै ऐनमा विनियोजन भए बमोजिम हुनेछ ।

अनुसूची-१

# लालबन्दी नगरपालिका

## आगामी आ.ब. २०८१/०८२ को राजश्व र व्यय (बजेट) अनुमान

**अ) आगामी आ.व.२०८१/०८२ को लागि देहाय बमोजिमको कूल राजश्व (बजेट) अनुमान गरिएको छ :**

| क.सं. | विवरण | आय अनुमान | कैफियत |
|---|---|---|---|
| **क)** | **सशर्त अनुदान** | | |
| १ | संघीय सशर्त अनुदान (चालु, पुँजिगत) | ५०२६११०००।०० | |
| २ | प्रदेश सशर्त अनुदान | ९५०००००।०० | |
| | **जम्मा(सशर्त)** | **५१२१११०००।००** | |
| **ख)** | **समानीकरण अनुदान** | | |
| १ | संघीय वित्तीय समानीकरण अनुदान | १५८२०००००।०० | |
| २ | प्रदेश वित्तीय समानीकरण अनुदान | ११७९४०००।०० | |
| | **जम्मा(समानीकरण)** | **१६९९९४०००।००** | |
| **ग)** | **समपुरक अनुदान** | | |
| १ | संघीय समपुरक अनुदान | ०।०० | |
| २ | प्रदेश समपुरक अनुदान | २००००००।०० | |
| | **जम्मा समपुरक अनुदान** | **२००००००।००** | |
| **घ)** | **विशेष अनुदान** | | |
| १ | संघीय विशेष अनुदान (पुँजिगत) | २३५०००००।०० | |
| २ | प्रदेश विशेष अनुदान | ३००००००।०० | |
| | **जम्मा विशेष अनुदान** | **२६५०००००।००** | |
| **ङ)** | **राजस्व बाँडफाँट** | | |
| १ | संघीय राजस्व बाँडफाट (अन्तशुल्क) | १५२८०००००।०० | |
| २ | प्रदेश राजस्व बाँडफाँट (सवारी) | १२५५००००।०० | |
| | **जम्मा(राजश्व बाँडफाँट)** | **१६५३५००००।००** | |
| **च)** | **आन्तरिक राजश्व अनुमान** | **१२६४३७०००।००** | |
| **छ)** | **नगद मौज्दात** | **१३७५०००००।००** | |
| **ज)** | **अन्य अनुदान/कार्यक्रमहरु** | | |
| **१** | **सामाजिक सुरक्षा तथा संरक्षण** | **३२५००००००।००** | |
| **२** | **लागत सहभागिता** | **३००००००००।००** | |
| **३** | **सडक बोर्ड नेपाल** | **५००००००।००** | |
| **४** | **अन्य निकाय/ संघ, संस्थाबाट प्राप्त हुने अनुदान तथा कार्यक्रमहरु** | **१५००००००।००** | |
| | **कुल जम्मा** | **१५१४८९२०००।००** | |

आ) आगामी आ.व. २०८१/०८२ को लागि देहाय बमोजिमको व्यय (बजेट) खर्च अनुमान गरिएको छ :

| क.सं. | विवरण | व्यय (खर्च) अनुमान | कैफियत |
|---|---|---|---|
| **क)** | **सशर्त बजेट तथा कार्यक्रमहरु** | | |
| १ | संघीय सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रमहरु | ५०२६११०००।०० | |
| २ | प्रदेश सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रमहरु | ९५०००००।०० | |
| ३ | संघीय समपुरक अनुदानबाट सञ्चालन हुने कार्यक्रमहरु | ०।०० | |
| ४ | प्रदेश समपुरक अनुदानबाट सञ्चालन हुने कार्यक्रमहरु | २००००००।०० | |
| ५ | संघीय विशेष अनुदानबाट सञ्चालन हुने कार्यक्रमहरु | २३५०००००।०० | |
| ६ | प्रदेश विशेष अनुदानबाट सञ्चालन हुने कार्यक्रमहरु | ३००००००।०० | |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण अन्तर्गत सामाजिक सुरक्षा भत्ता वितरण | ३२५००००००।०० | |
| ८ | लागत सहभागिता योगदान तर्फ(उ.स.) | ३००००००००।०० | |
| ९ | अन्य निकाय/संस्थाबाट प्राप्त भई सञ्चालन हुने कार्यक्रमहरु | १५००००००।०० | |
| १० | सडक बोर्ड नेपालबाट सञ्चालन हुने सडक मर्मत सम्भार पूर्वाधार कार्यक्रम | ५००००००।०० | |
| | **सशर्त तर्फ जम्मा** | **९१५६११०००।००** | |
| ख) | **निशर्त बजेट तथा कार्यक्रम तर्फ** | | |
| १ | चालु खर्च (कार्यालय सञ्चालन तथा प्रशासनिक) | १६७००००००।०० | |
| २ | बहु-बर्षिय अनिवार्य दायित्व तथा भुक्तानी बाँकी बोलपत्र र उ.स. क्रमागत योजनाहरु | १६८७०००००।०० | |
| ३ | संघ/प्रदेशसँग समपुरक, तराई मधेश समृद्धि, सडकबोर्ड, बैकल्पिक उर्जा तथा अन्य निकाय/संस्थासँग साझेदारी कार्यक्रम | १००००००००।०० | |
| ४ | सबै (१७) वडाबाट सञ्चालन हुने वडास्तरिय योजना तथा कार्यक्रमहरु | १४३१४७०००।०० | संलग्न वडागत सिलिङ्ग अनुसार |
| ५ | **बिषय क्षेत्रगत नगरस्तरीय बजेट तथा कार्यक्रमहरु** (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण र विपद् व्यवस्थापन र संस्थागत विकास एवं सुशासन) | ११०४३४०००।०० | |
| | **निःशर्त तर्फ जम्मा** | **५९९२८१०००।००** | |
| | **कुल व्यय जम्मा** | **१५१४८९२०००।००** | |

| आ.ब. २०८१/०८२ मा वडास्तरबाट सञ्चालन हुने वडागत बजेट सिलिङ्ग | | | |
|---|---|---|---|
| क.सं. | वडा नं. | वडागत बजेट सिलिङ्ग | कैफियत |
| १ | १ | ९६५१००० | |
| २ | २ | ८९७९००० | |
| ३ | ३ | ७५७६००० | |
| ४ | ४ | ७६०५००० | |
| ५ | ५ | ८३८७००० | |
| ६ | ६ | ८१६५००० | |
| ७ | ७ | ९४४९००० | |
| ८ | ८ | ७४६९००० | |
| ९ | ९ | ७५०९००० | |
| १० | १० | ७३४१००० | |
| ११ | ११ | ७९६१००० | |
| १२ | १२ | ७३०२००० | |
| १३ | १३ | ७२५५००० | |
| १४ | १४ | ९७९६००० | |
| १५ | १५ | १०८४७००० | |
| १६ | १६ | ८३६९००० | |
| १७ | १७ | ९४८६००० | |
| | वडागत कुल जम्मा | १४३१४७००० | |